# परिवर्तन गाउँपालिकाको गाउँ सभाको २१ औं अधिवेशनमा
# अध्यक्ष श्री सुक बहादुर वुढामगरद्वारा प्रस्तुत
# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्यज्यूहरु,**

परिवर्तन गाउँपालिकाको दीर्घकालीन लक्ष्य कार्यान्वयन गर्दै परिवर्तनवासी आम जनताको सेवा र विकासमा दृढ संकल्पित हुँदै आज यो ऐतिहासिक २१ औं गाउँसभा सम्म आइपुगेका छौं । यस अवसरमा परिवर्तन गाउँपालिकाको गरिमामय गाउँ सभामा आर्थिक वर्ष ०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पेस गर्न पाउँदा अत्यन्त गौरवको महशुस गरेको छु ।

यस शुभ अवसरमा नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र स्वाभिमानको रक्षा तथा नेपालको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न र विभिन्न काल खण्डमा भएका आन्दोलन, दश वर्षे जनयुद्ध, मधेश आन्दोलन राजनीतिक अग्रगमन र लोकतन्त्रको सबलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात महान शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दै हाल सम्मका आन्दोलन तथा संघर्षको क्रममा भएका घाइते तथा अपाङ्ग व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै बेपत्ता नागरिक र उहाँहरुको परिवार प्रति उच्च सम्मान व्यक्त गर्दछु । यस क्रममा भएका सबै आन्दोलन तथा संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । सदासर्वदा अग्रपंक्तिमा रहेर सार्वजनिक सेवा प्रदान गर्नुहुने जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरु लगायतको उच्च प्रशंसा गर्न चाहन्छु ।

परिवर्तन गाउँपालिका आफैमा एक महत्वपूर्ण ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक सम्पदा, असीमित विकासका सम्भावनाहरु एवम् विशिष्ट पहिचान भएको भौगोलिक क्षेत्रमा अवस्थित छ । सुन्दर, समुन्नत र सुसंस्कृत गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प र परिवर्तनवासीको समृद्धिको चाहाना पूरा गर्ने दिशामा आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गर्दै यहाँका जनताको मुख्य पेशाको रुपमा रहेको कृषिलाई प्रतिस्पर्धी तथा व्यावसायिक बनाउन यान्त्रिकरणको विस्तार, बजारीकरण प्रवर्द्धन र प्रयास सिंचाई सुविधाको प्रबन्ध गर्ने, स्वच्छ

खानेपानी एक घर एक धारा विस्तार गर्ने, अनिवार्य निःशुल्क शिक्षालाई क्रमशः कार्यान्वयन गर्दै जाने तथा प्रभावकारी आधारभूत स्वास्थ्य सेवाको सुनिश्चिता गर्ने र लक्षित वर्गको आर्थिक-सामाजिक सशक्तिकरणको माध्यमबाट समाजिक न्याय कायम गर्ने गरि आवश्यकतामा आधारित कार्यक्रमलाई यस नीति तथा कार्यक्रमले प्राथमिकताका साथ अगाडि बढाएको छ ।

विकास व्यवस्थापनका क्षेत्रमा देखिएका कमी कमजोरीलाई सुधार गर्न विकासको ढाँचा, गति र संस्कृति फेर्दै सुधारिएको ढाँचा अवलम्बन गरी स्थानीय मागमा आधारित तथा रणनीतिक पूर्वाधार आयोजनाहरुमा लगानी केन्द्रित गर्दै उद्यमशिलतामैत्री शिक्षा तथा उद्यमशिलता विकासको माध्यमबाट स्थानीय स्रोत साधनको उपयोग तथा आन्तरिक रोजगारी सिर्जना गरी न्यायपूर्ण, आत्मनिर्भर र सुशासनयुक्त गाउँपालिका निर्माणको कार्यलाई नयाँ उचाई प्रदान गरिनेछ । स्थानीय सरकारलाई संविधानले दिएको दायित्व र गाउँपालिकावासीको समृद्धिको आकांक्षालाई पूरा गर्न गाउँपालिकाले देहायका रणनीति र पक्षहरुलाई केन्द्रमा राखी आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा टेकेर गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक विकासका उद्देश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट विकासको खाका निर्धारण गरि, गाउँपालिकाको आवधिक योजना कार्यान्वयन गर्न यो नीति तथा कार्यक्रम निर्देशित छ । यस नीति तथा कार्यक्रम सङ्घीयताको कार्यान्वयन सँगै सिंहदरबारको अधिकार जनताको बीचमा पुऱ्याउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्दा निम्न पक्षलाई मुख्य मार्ग निर्देशकको रुपमा लिइएको छ ।

क. नेपालको संविधान, २०७२,

ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

ग. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,

घ. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,

ङ. नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारले तर्जुमा गरेको नीति तथा कार्यक्रम र बजेट,

च. दीगो विकास लक्ष्यहरु हासिल गर्ने लगायतका नेपाल सरकारले अन्तर्राष्ट्रिय क्षेत्रमा जनाएका प्रतिबद्धताहरुबाट सिर्जित दायित्व,

छ. यस गाउँपालिकाको आवधिक योजनाले मार्ग निर्देशन गरेको नीति तथा कार्यक्रमहरु तथा मध्यकालिन खर्च संरचना,

ज. नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारका आवधिक विकास योजनाहरु,

झ. नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारले अवलम्बन गरेको आर्थिक, सामाजिक लगायतका विकास नीतिहरु।

## <u>नीति तथा कार्यक्रमका प्राथमिकताहरु</u>

आगामी आ.व. २०८३/०८४ को लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियालाई आवधिक, वार्षिक, रणनीतिक, विषय क्षेत्रगत अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजनाले लिएका लक्ष्यहरुसँग सामञ्जस्यता कायम गरि गाउँपालिकावासीहरुको आवश्यकता परिपूर्तीमा केन्द्रित बनाउन तथा उपलब्ध स्रोत, साधन तथा संरचनाको अधिनमा रही अधिकतम लाभ हाँसिल गर्न तपसिल बमोजिम प्राथमिकताका आधारहरु निर्धारण गरिएको छ,

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,

ख) उत्पादनमूलक, छिटो प्रतिफल प्राप्त गर्न सकिने तथा लागत कम लाग्ने,

ग) जीवनस्तर सुधार, आम्दानी वृद्धि र रोजगारी सिर्जनामा प्रत्यक्ष सहयोग पुऱ्याउने,

घ) प्रत्यक्ष रुपमा समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित हुने,

ङ) स्थानीय स्रोतसाधन तथा सीपको अधिकतम प्रयोग हुने,

च) भौगोलिक अवस्थिति अनुसार उत्पादन विशेषमा आत्मनिर्भर भई पहिचान प्रवर्द्धन गर्ने,

छ) जनशक्ति विकास, प्रभावकारी सेवा प्रवाह, विद्युतीय सुशासन प्रवर्द्धन गर्ने विषयहरु,

ज) औद्योगिक विकासलाई प्रवर्द्धन गर्ने तथा अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु,

झ) वातावरणीय संरक्षण, जलवायु परिवर्तन अनुकुल, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रत्यक्ष सघाउ पुऱ्याउने,

ञ) गौरवका आयोजना लगायत ठूला आयोजनालाई जोड दिने साथै विषय क्षेत्र र भौगोलिक सन्तुलन कायम गर्नुपर्ने विषयहरु,

ट) गाउँपालिकाको गौरवका आयोजनाका रुपमा रहेका भित्री र बाहिरी चक्रपथ तथा रणनीतिक सडक बाहेक अन्य नयाँ सडक निर्माणलाई निरुत्साहित गर्दै मुख्य सडक तथा कृषि सडक बाह्रै महिना सञ्चालन गर्ने साथै उक्त सडकहरुमा कच्ची तथा आवश्यकता अनुसार पक्की नाला निर्माण गर्दै जाने,

ठ) बालमैत्री स्थानीय शासन, लक्षित वर्ग र अपाङ्गगता भएका व्यक्तिको सशक्तिकरण र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरुको प्रवर्द्धन हुने,

ड) दीगो विकास लक्ष्यको स्थानीयकरण तथा लक्ष्य प्राप्तीका लागि गाउँपालिकाले गर्नुपर्ने अन्य कार्यहरु ।

**<u>विद्यमान परिवेशः-</u>**

विश्वव्यापी भू-राजनीतिक संघर्षका कारण राष्ट्रिय अर्थतन्त्र संकुचन भई सङ्घीय तथा प्रदेश सरकारको राजश्व परिचालनमा प्रभाव पर्न जानुका साथै स्थानीय तहको आर्थिक सामाजिक विकासमा समेत नकारात्मक असर पुगेको छ । आन्तरिक र बाह्य बसाइँसराइका कारण नेपालका गाउँघरहरू सुनसान बस्तीमा रूपान्तरित हुन पुगेका छन् भने उर्वर भूमिहरु बाँझो बन्दै गइरहेका छन् । यस सन्दर्भमा युवालाई देश भित्रै रोजगारीका अवसर सिर्जना गर्ने र ग्रामीण क्षेत्रको बसाइँलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ । यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुर्नउत्थानशील क्रियाकलाप मार्फत अगाडि बढाउँदै तीव्र र दीगो आर्थिक विकास गरि समृद्धिको मूल लक्ष्य हाँसिल गर्नु परेको छ । यसका लागि गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष प्राथमिकता दिनुपर्ने भएको छ ।

**अब म चालु आ.व. २०८२/०८३ को क्षेत्रगत वार्षिक नीति कार्यक्रम तथा बजेट कार्यान्वयन अवस्थाको संक्षिप्तमा समिक्षा गर्न चाहान्छु ।**

**१. पूर्वाधार विकासः**

चालु आ.व. मा पूर्वाधार क्षेत्रमा २०८३  जेष्ठ मसान्त सम्ममा सन्तोषजनक ढङ्गले काम भएको छ। यस अवधिमा सङ्घीय, प्रदेश तथा स्थानीय सरकार र स्थानीय समुदायहरुको साझेदारीमा विद्यालय भवन, स्वास्थ्य चौकी, पन्ध्र शैय्या आधारभूत अस्पताल, स्वास्थ्य चौकी, वडा कार्यालय निर्माणाधीन छन् साथै नमूना गाउँ कार्यक्रम परिवर्तन २ को होमुधारा तथा परिवर्तन ५ को जुमाराङ्सीमा कार्यान्वयनमा रहेको छ।

गाउँपालिका केन्द्र पुतलाचौर ढल निकास  निर्माणले यसै वर्ष पूर्णता पाउने छ भने वार्ड नं. ४ को वडा कार्यालय भवन,राङसी स्वास्थ्य चौकी भवन पनि निर्माण सम्पन्न भई समुद्घाटन भएको छ । यस गाउँपालिकाको महत्वकांक्षी रुपमा रहेको १५ सैय्या अस्पताल पनि आगामी आ.व. मा पूर्ण रुपमा सम्पन्न भई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। डाँडा गाउँ मालामारे पुतलाचौर मौलाबोट जुमाराङसी पूर्वि सडक निर्माण, बागमारा आग्रा हुँदै रातामाटा टावर हुँदै पश्चिम रुकुम जोडने सडक निर्माण, वडा नः २को गोपेधारको प्रा.वि भवन निर्माण, वडा नः १ ठाकुर खोरीयाको भवन,मावि उपवाङको भवन र कुरेली स्वास्थ्य चौकीको भवन,वडा नः ५ को सभा हल निर्माणाधीन रहेका छन् त्यसै गरी चिस्यान केन्द्र भवन निर्माण, स्कीम नं. १ राङसी खानेपानी योजना र भलाका खानेपानी योजना पनि स्थानीय सरकार र सङ्घीय सरकार त्यसैगरी LISP कार्यक्रमसँग सहलगानीमा निर्माण कार्य अगाडि बढेको छ । यसरी हाम्रो गाउँपालिकाले काम कारवाही गरिरहेको गाउँसभा सदस्यज्यूहरुलाई जानकारी गराउन चाहान्छु।

## २. आर्थिक विकास :

यस आ.व. मा आर्थिक विकास तर्फ विभिन्न रोगव्याधिसँग लड्न पशुपन्छिको लागि औषधी व्यवस्थापन गरिएको छ । त्यसैगरी कृषकहरुलाई बाली बिमा सम्बन्धि अभिमूखिकरण कार्यक्रम, कृषि तथ्याङक सङ्कलन गर्दै बालि शिविर कार्यक्रम सञ्चालन, कृषि औजार उपकरणहरुको मर्मत सम्भार तालिम पनि सम्पन्न भइसकेको अवगत गराउँछु । यस पालिका भित्र रहेको पशुपन्छीको तथ्याङ्क

सङ्कलन गरि पशु स्वास्थ्य शिविर पनि सञ्चालन गरिएको छ भने रेविज रोग नियन्त्रण गर्नलाई पनि जिल्ला स्थित पशु विज्ञ केन्द्र सँग समन्वय गरि कुकुर बन्ध्याकरण शिविर सम्पन्न भइसकेको छ । विभिन्न वडाहरुमा अर्गानीक खानेकुरा सम्बन्धी अभिमूखिकरण, रैथाने बाली प्रवर्द्धन गर्ने गरि सङ्घीय सरकारबाट विनियोजित कार्यक्रमलाई पनि सम्पन्न गरिएको छ । व्यावसायिक कृषक समूहको लागि क्षमता अभिवृद्धिका लागि तालिम पनि आयोजना गरिएको छ भने खेतिबालिमा रोगब्याधिलाई रोक्नको लागि बाली उपचार शिविर कार्यक्रम पनि सञ्चालन गरिएको छ। लघु उद्यमलाई प्रवर्द्धन गर्नको लागि अल्लोको धागो तथा ढाँकाको कपडा बुनाइ तथा प्रविधि हस्तान्तरण कार्यक्रम पनि सम्पन्न भइसकेको छ ।

## ३. सामाजिक विकासः

### क) स्वास्थ्यः

यो आ.व. मा स्वास्थ्य क्षेत्रतर्फ गर्भवति उत्प्रेणा कार्यक्रम , शुन्यहोम डेलिभरीको लागि लक्षित कार्यक्रम , पोषण विशेष क्षेत्रका लागि कार्यक्रम सञ्चालन तथा पोषण विशेष कार्यक्रम परिचालन गरिएको छ साथै रुडास नेपालको आर्थिक सहयोग गाउँपालिकाको सहजिकरण तथा समन्वयमा महिलाहरुको स्वास्थ्य सम्बन्धी विशेषयज्ञ स्वास्थ्य शिविर तथा स्वास्थ्य कार्यालय रोल्पाको नेतृत्व तथा गाउँपालिकाको समन्वय तथा सहजिकरणमा गर्भवती महिलाहरुको लागि ANAMOLY जाँच शिविर सम्पन्न गरिएको छ भने यसै वर्ष पाछावाङ स्वास्थ्य चौकी र केवरी स्वास्थ्य चौकीलाई किशोरकिशोरीमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको छ । त्यसै गरि समुदायलाई क्षयरोग सम्बन्धी अभिमूखिकरण एवम् घरदैलो खोजपड्ताल कार्यक्रम, पालिका भरि नियमित खोप सुदृढिकरण, पूर्ण खोप सुनिश्चतता र दीगोपना कार्यक्रमलाई निरन्तरता दिइएको छ साथै आधारभूत स्वास्थ्य सेवालाई नागरिकस्तरसम्म पुऱ्याउन परिवर्तन ४ पाछावाङको झल्के ढुङ्गा, परिवर्तन २ राङ्सीको मक्तिममा सामुदायीक स्वास्थ्य इकाई स्थापना गरि स्वास्थ्य सेवा विस्तार, पूर्णखोप दीगोपना निरन्तरता, केवरी स्वास्थ्य चौकी, राङ्सी स्वास्थ्य चौकीलाई संस्थागत सुत्केरी संस्था घोषणा गरिएको छ भने परिवर्तन

गाउँपालिकामा नागरिक आरोग्य केन्द्र स्थापना गरि सेवा प्रारम्भ गरिएको छ । नियमित रुपमा गर्भवती चेकजाँच कार्यक्रम पनि अघि बढिरहेको अवगत गराउन चाहान्छु । गरीब, असहाय, गर्भवती तथा सुत्केरीलाई सुरक्षित मातृत्व सेवा प्रदान गर्नलाई यस गाउँपालिकाले गर्भवती तथा सुत्केरी आकष्मिक प्रेषण कोष पनि स्थापना गरिइएको छ । त्यसैगरी किशोरी र युवतीहरुको लागि सुरक्षित र सहयोगि वातावरण परियोजना सेफ गर्लस र आइपास नेपालद्वारा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धि कार्यक्रम गरेर पनि सहकार्य गरिएको छ । खोप तथा गाउँघर क्लिनिक सुधार कार्यक्रम, स्वास्थ्य चौकीहरुको अनुगमन, पृष्ठपोषण लगायतका कार्यक्रम सम्पन्न गरिएको छ ।

**ख) शिक्षाः**

यस आ.व.मा गाउँपालिकाले निःशुल्क शिक्षा क्षेत्र कार्यक्रमलाई निरन्तरता दिइरहेको छ । गाउँ शिक्षा समिति र प्र.अ. बैठक सञ्चालन गरि गाउँपालिका भित्रको शिक्षा क्षेत्रलाई गुणस्तरीय बनाउन मिहिन ढङ्गबाट छलफल गरिएको छ। विद्यालयको शिक्षा पद्धतीलाई गुणस्तरीय बनाउन शिक्षक अभिभावक शिक्षा कार्यक्रमलाई स्कुल-समुदायमा सञ्चालन गरिएको छ । त्यसैगरी यस गाउँपालिकाबाट दक्ष जनशक्ति उत्पादन गर्न एम.वि.वि.एस., कृषि विज्ञानमा स्नातक अध्ययन, अंग्रेजी, गणित , विज्ञान विषयमा स्नातक तथा स्नातकोत्तर अध्ययन सम्बन्धमा छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता प्रदान गरिएको छ । स्थानीय पाठ्यक्रम निर्माण गरि स्थानीय पाठ्यपुस्तक माध्यमबाट शिक्षालाई अघि बढाइएको छ। त्यसैगरी शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न क्षमता अभिवृद्धि तालिम पनि सम्पन्न गरिएको छ भने बालबालिकाहरुमा अन्तरनिहीत प्रतिभा प्रस्फुटन गर्न गाउँपालिका स्तरीय वादविवाद प्रतियोगिता सम्पन्न गरिएको छ । परिवर्तन गाउँपालिकाको शैक्षिक क्षेत्रलाई गुणस्तरीय बनाउन व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ.हरुसँग अन्तरक्रिया सुझाव लिने कार्यक्रम सम्पन्न गरिएको छ साथै ICT र EMIS तालिम सम्पन्न भइसकेको छ त्यसै गरी वडा नं.२मा वडा शिक्षा समितिको नेतृत्वमा विद्यालय अनुगमन सम्पन्न गरी उत्कृष्ट विद्यार्थी र शिक्षकलाई सम्मान गरी सकेको छ । कक्षा ५ र ८ को परिक्षा प्रणालीलाई व्यवस्थीत ढङ्गले सम्पन्न गरिएको छ भने गत सालको भन्दा नतिजामा पनि केही सुधार देखिएको छ ।

गाउँपालिका स्तरीय कक्षा ५ र ८ को परिक्षामा उत्कृष्ट विद्यार्थीलाई सम्मान साथै जिल्ला स्तरीय क्रिकेट खेलमा सहभागिता गरियो । त्यसैगरी क्वान्किडो सङ्गको अधिवेशन र पालिका स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड  तथा अध्यक्ष कप प्रतियोगिता पनि सफलतापूर्वक सम्पन्न भएको छ ।

**ग) महिला बालबालिका तथा ज्येष्ठ नागरिक तर्फः**

समुदाय स्तरमा बसोबास गर्ने जेष्ठ नागरिक, एकल महिला, दलित जेष्ठ नागरिक, अपाङ्ग तथा बालबालिकाहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्तालाई यसै वर्ष देखि वडा स्तर तथा मुख्य मुख्य टोलहरुमा बैंक तथा गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुबाट वितरण कार्यक्रमको शुरुवात गरिएको छ । बाल विवाह न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सबै वडाहरुमा र हुरेक रोल्पाको समन्वयमा १० वटा मा.वि. मा बाल विवाह अन्त्य गर्ने र किशोरी प्रजनन् स्वास्थ्यलाई सुधार गर्न रुपान्तरण कक्षा सञ्चालन भइरहेको छ । शहिद परिवारसँग उपाध्यक्ष भेटघाट कार्यक्रम तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम र जेष्ठ नागरिक तथा अपाङ्गता परिचय पत्र वितरण कार्यक्रम समेत सम्पन्न भइसकेका छन् ।

**घ. सुशासन तथा संस्थागत विकास :**

यस आ.व. मा गाँउपालिकाले सुशासन कायम गर्न उल्लेखनिय कार्यहरु गरेको  छ जसका लागि जनप्रतिनिधि तथा कर्मचारीलाई क्षमता विकास सम्बन्धि तालिम सम्पन्न गरेको छ भने जनताको गुनासो सुन्नको लागि टोल फ्री नं र नागरीक सन्तुष्टी फारम भर्ने व्यवस्था गरिएको छ । त्यसैगरी वडाहरुमा नागरिक वडापत्र, सुझाव पेटिका पनि राखिएको छ भने लै.स.सा.स. परीक्षण, सामाजिक परीक्षण पनि गर्ने गरिएको छ । यस आ.व.मा चौमासिक रुपमा सार्वजनिक सुनुवाई वडा स्तरमा गरि नागरिक गुनासोहरुको सम्बोधन गर्ने प्रयत्न गरिएको छ । विभिन्न वडाहरुमा वडाको सचित्र आउने गरि डिजिटल वोर्ड जडान गरी प्रयोगमा ल्याइएको छ । विभिन्न लक्षित समुदायको क्षमता विकास तथा तालिम एवम् सम्मान कार्यक्रम सम्पन्न भइसकेका छन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको मुल्याङ्कनमा परिवर्तन गाउँपालिका रोल्पा जिल्लामा ६८.४५ अङ्क प्राप्त

गरि चौथो स्थान प्राप्त गरेको छ साथै गाउँपालिकाको प्रथम निर्वाचन २०७४ साल देखि यस **आ.व. सम्म रु १४ करोड १८ लाख ९१ हजार ४८ बेरुजु रकम रहेकोमा यसै वर्ष ९ करोड २२ लाख रकम सम्परिक्षण गरि ५ करोड ११ लाख २८ हजार ७ सय १३ मात्र** बेरुजु बाँकी रही रोल्पा जिल्लामा सबै भन्दा कम बेरूजु कायम गरी प्रथम स्थान हासिल गर्न सफल भएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट LGPAS को मुल्याङ्कनका लागि परिपत्र बमोजिम गाउँपालिकाले ८२.७ अङ्क दाबी गरेको छ । यी सबै सुचक, तथ्याङ्क एवम् नतिजाले परिवर्तन गाउँपालिका सुशासन को क्षेत्रमा अब्बल रहि सुशासनको यात्रामा अहोरात्र लागिपरेको छ भन्ने देखाउँछ।

**५. वातावरण तथा विपद व्यवस्थापन :**

चालु आ.व. ०८२/०८३ मा गा.पा. भित्र विपद व्यवस्थापन राहत तथा उद्वार कोषबाट प्राकृतिक विपतमा परि क्षति भएको हकमा गाउँकार्यपालिकाको निर्णय बमोजिम सहायता रकम उपलब्ध गराईएको छ साथै विपद व्यवस्थापन कोषको समेत व्यवस्था गरिएको छ । त्यसैगरि बर्षायाममा पहिरोले क्षति पुऱ्याएको स्थलहरुमा गाउँपालिकाको जे.सि.वि. मार्फत बाटो मर्मत सम्भार गरिएको यहाँहरु सबैलाई अवगत गराउन चाहान्छु। त्यसैगरी विपद व्यवस्थापन शाखाबाट विपद व्यवस्थापन सम्बन्धि अभिमूखिकरण कार्यक्रम सञ्चालनसँगै विपत प्रतिकार्य योजना मार्फत पूर्व तयारी पनि गरिएको छ । त्यसै गरि रुडास नेपालको आर्थिक सहयोगमा स्ट्रेचर, त्रिपाल वितरण तथा चटयाङ्बाट बच्न विभिन्न ठाउँहरुमा अर्थिङ जडान कार्य सम्पन्न गरिएको छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अव म आगामी **आ.व. ०८३/०८४** को लागि यस गाउँपालिकाको **नीति तथा कार्यक्रम,** यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## १. आर्थिक विकास सम्बन्धी :

## (क) कृषि तथा भूमि व्यवस्थाः

हाम्रो देश कृषि प्रधान मुलुक भएको हिसावले कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रीकरण, आधुनीकीकरण, बजारीकरण एवम् विविधकरण गर्दै स्थानीय अर्थतन्त्रलाई स्थायी र आत्मनिर्भर बनाउने तथा गा.पा.को नागरिकको जीवन स्तरमा उचित परिवर्तन ल्याउने हेतुले देहाय बमोजिम नीतिलाई लिइनेछ ।

- कृषि पेशालाई वैज्ञानिक, सम्मानित, मर्यादित, टिकाउ र व्यावसायिक बनाउने नीति तथा रणनीति लिइनेछ । सो को लागि यान्त्रिकरण, बजारीकरण, प्रोत्साहन तथा लागत साझेदारी साथै **कृषि उपजको समर्थन मूल्य** निर्धारण गरि शुरु गरिएको कामलाई निरन्तरता दिइनेछ ।
- कृषि कार्यक्रमहरु एकद्वार प्रणालीबाट सञ्चालन गर्नको लागी कृषि शाखाबाट सञ्चालन गर्नुपर्ने र सम्बन्धित समितिबाट अनिवार्य अनुगमन गर्नुपर्ने मान्यता विकास गरिनेछ ।
- कृषि सम्बन्धि नीति कार्यक्रम तथा बजेट निर्माण गर्दा कृषि गुरुयोजनालाई आधार बनाई बजेट विनियोजन गर्ने नीति लिइनेछ ।
- व्यवसायिक कृषकहरु, कृषि समुहहरु तथा कृषि सहकारीहरुको क्षमता अभिवृद्धिको लागी कृषि तालिमहरु सञ्चालन गरिने नीति लिइएको छ ।
- कृषि प्राविधिकहरुलाई समय अनुकूल नवीनतम प्रविधिको बारेमा तालिमको उपलब्धता गरि दक्ष कृषि प्राविधिक जनशक्तिको विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि क्षेत्रको बिकासमा आधार तय भैसकेको हुँदा आगामी दिनमा दीर्घकालिन बालीहरुको पकेट क्षेत्र विस्तार गर्दै र स्थापित **पकेट क्षेत्रहरुको** स्तर उन्नती गर्नु पर्ने देखिएकाले सोहि अनुसारको कार्यक्रम तय गरिनेछ ।
- **"पौरखी किसानको हात स्थानीय सरकारको साथ"** भन्ने नाराका साथ गाउँपालिकाका कृषकहरुलाई विभिन्न किसिमका क्षमता विकासका कार्यक्रम अनुदान, मल, बीउ, सिँचाई, प्राविधिक सहयोग तथा अध्ययन अवलोकन भ्रमण उपलब्ध गराउँदै उत्पादन बृद्धिमा सहयोग गरिनेछ साथै उत्कृष्ठ

कृषकहरुलाई प्रोत्साहन स्वरुप सम्मानका साथ पुरष्कृत गरिनेछ । त्यसैगरि गा.पा.बाट छात्रवृत्ती प्राप्त गरि प्राविधिक विषय अध्ययन सम्पन्न गरेका जनशक्तिहरुलाई स्वयम्सेवक परिचालन गरि सेवा प्रदान गरिनेछ ।

- किसान सूचिकरण कार्यक्रमलाई व्यवस्थित गरि किसान परिचय पत्र प्रदान गरिनेछ सङ्घीय सरकारको वार्षिक नीति तथा कार्यक्रम बमोजिम पहाडी क्षेत्रमा उत्पादन हुने बहुआयामिकयुक्त भाँगो लाई सहि ढंगले प्रयोग हुने गरि उत्पादनलाई बढावा दिइनेछ साथै हेम धागो उत्पादनलाई प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ।
- "**हाम्रो उत्पादन, उत्पादनमा हाम्रो स्वाभिमान**" भन्ने अभियान अन्तर्गत स्थानीय उत्पादनलाई प्रवर्द्धन र उपयोग गरि बजारिकरण गरिनेछ । साथै उत्पादनलाई बजारीकरण गर्नलाई वित्तीय साक्षरता तथा डिजिटल फाइनान्स बारेमा पनि जानकारी गराइने छ ।
- कृषिजन्य उत्पादनलाई दीगो सम्म उपयोग गर्ने हेतुले कोल्ड स्टोर निर्माण कार्यलाई सम्पन्न गरि सञ्चालनमा ल्याइनेछ ।
- कृषि उत्पादनलाई बढावा दिनलाई माटोको गुणस्तरीयता परीक्षण गरिने छ, त्यसको लागि माटो शिविर बाली उपचार पद्धतिलाई पनि अङ्गिकार गरिनेछ ।
- गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउदै निर्यातमुखी कृषि उत्पादनमा जोड दिन रणनीतिक कृषि प्रणालीको विकास तथा तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी प्रतिष्पर्धात्मक क्षमता भएका कृषि उत्पादनमा जोड दिइनेछ । यसका लागि सरकारी, गैरसरकारी तथा नीजि क्षेत्र, कृषि सहकारी, समुदाय लगायतसँग सहकार्य तथा साझेदारी गरिनेछ ।
- रैथाने बाली, बीउ, नस्ल र कृषि जैविक विविधताको संरक्षणको लागि विशेष प्रबन्ध मिलाइनेछ । गाउँपालिका भ्रमण गर्ने आन्तरिक र बाह्य पर्यटकहरुलाई निश्चित स्थानहरुवाट स्थानीय उत्पादनका परिकारहरु उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।
- व्यावसायिक कृषि क्षेत्रमा कृषि सडक, कृषि बजार, लगायत पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ । खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुर्याउन

साना सिंचाई कार्यक्रम सञ्चालन गरिनेछ । कृषियोग्य भूमिको संरक्षण, बाँझो जमिनको उपयोग र प्रवर्द्धन गरिनेछ ।

- उत्पादन लागत, थोक तथा खुद्रा मूल्य विश्लेषण गर्दै स्थानीय उत्पादनलाई मूल्य श्रृंखलामा आवद्ध गर्दै लगिनेछ। अन्तर स्थानीय तह साझेदारी कार्यक्रम अन्तरगत स्थानीय उत्पादनलाई आदानप्रदान गरिनेछ ।
- कृषि पकेट क्षेत्र विस्तारको लागि एक वडा एक उत्पादन क्लष्टर खेतीलाई प्राथमिकतामा राखिनेछ । उच्च मुल्यका फलफूल, तरकारी तथा अन्नबालीको पकेट क्षेत्र पहिचान तथा सघन कृषि क्षेत्र निर्धारण गरिनेछ ।
- विषादी सम्बन्धी सचेतना अभिवृद्धि गरी यसको अधिक प्रयोगबाट मानव स्वास्थ्यमा पर्ने असर तथा जैविक विविधतामा आउने ह्रासको जोखिम न्यूनीकरण गरिनेछ । सबै वडामा एकीकृत शत्रुजीव व्यवस्थापन (आई.पि.एम.) प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।
- जलवायु परिवर्तनबाट परेका असरहरुलाई न्यूनीकरण गर्न जलवायु अनुकूलनका कार्यक्रमहरु तथा जलवायुमैत्री कृषि कार्यक्रहरु सञ्चालन गर्न कृषि प्रविधि उन्नत कम्पोष्ट मल, जैविक झोल मल, जैविक विषादी, कोशेबाली खेती प्रवर्द्धन, बालीचक्र प्रविधि, मिश्रित तथा अन्तरबाली, छापो प्रविधि, बाली विविधिकरण र जलवायुमैत्री कृषि उत्पादनलाई अभियानका साथ विस्तार गरिनेछ ।
- प्रत्येक घरधुरीले आफ्नो जग्गाभित्र अनिवार्य रुपमा दाँते ओखर, टिम्मुर, आरु, पलम, केरा, अम्बा, खमानी, नास्पाती, सुन्तला, कागती, किवी, एभोकाडों, स्याउ, उखु, चिउरी, अलैची लगायतका कम्तिमा २० वटा बिरुवा अनिवार्य रोप्नुपर्ने व्यवस्थालाई प्रोत्साहीत गरीनेछ साथै उक्त कार्य गर्ने कृषकलाई सम्मान सहीत पुरस्कृत गरीनेछ ।
- गाउँपालिकाका सबै वडामा घुम्ति बाली शिविर सञ्चालन गरिनेछ । उन्नत जातका फलफुल तथा बोट विरुवाका बेर्नाहरु सहज उपलब्धताको लागि लागत साझेदारीमा नर्शरी स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

- एक वडा एक कृषि प्राविधिक (OVOT) कार्यक्रम अन्तर्गत कृषक सँग **"कृषि प्राविधिक कार्यक्रम"** सञ्चालन गरि कृषकहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

**(ख) पशुपंक्षि तथा मत्स्यः**

परिवर्तन गाउँपालिकामा पशुपालनबाट पनि किसानको आयस्तरमा वृद्धि गर्न सकिन्छ  जसका लागि देहाय बमोजिमको नीति अङ्गिकार गरिनेछ।

- गाउँपालिका पशु शाखा तथा वडा प्राविधिक बाट बाह्रै महिना पशु स्वास्थ्यसँग सम्बन्धित औषधिहरु कृषकहरुले खोजेकै समयमा **सर्वशुलभ** रुपमा उपलब्ध गराउन सकिने गरि **औषधि खरिद तथा भण्डारण** गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- पशुहरुसँग सम्बन्धित सेवाहरुलाई कृषकहरुको घर दैलोमा पुऱ्याउन **एकीकृत घुम्ति शिविर** सञ्चालन गरिनेछ ।
- पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व बढाउन स्थानीय जातको पशु (गाई, भैंसी र बाख्रा सँग उन्नत जातको पशु होलेष्टियन जर्सी, मुर्रा र बोयर) बिच कृतिम गर्भाधान सम्बन्धी जन चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- परिवर्तन गाउँपालिकामा पशुमा कृत्रिम गर्भाधान गर्न (AI) मिसन कार्यक्रम सञ्चालन गरिनेछ ।
- डेरी उद्योगलाई निरन्तरता दिइनेछ ।
- **"पौरखि किसानको हातः स्थानीय सरकारको साथ"** भन्ने नाराका साथ गाउँपालिकालाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउन दुग्ध प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । सोको लागि उन्नत गाई तथा भैंसी पालक कृषकहरुलाई हिउँदे तथा डाले घाँसको बीउ तथा बेर्ना वितरण गरिनेछ । स्थानीय जातको गाई तथा भैंसीको नश्ल सुधार गर्न कृतिम गर्भाधारण सेवालाई निरन्तरता दिइनेछ । रैथाने जातका बाख्राको संरक्षण गरिनेछ ।
- पशुपालन व्यवसायमा विविधिकरण गर्न पशु र कृषिको प्रदर्शनी तथा अन्तर कृषक समूह प्रतियोगिता गरि उत्कृष्ट किसानका असल अभ्यासहरुको आदान

प्रदान गर्न कृषक अध्ययन अवलोकन भ्रमण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

- गाउँपालिकाको मापदण्ड बमोजिम निश्चत व्यवसायिक पशुपालन गरेका किसान लक्षित पशु विमा कार्यक्रमलाई प्रभावकारी बनाई जोखिम कम गरिनेछ ।
- पशु चौपायमा देखिने महामारीजन्य रोग नियन्त्रणका लागि उच्च सतर्कता सहित पूर्व तयारि गरिनेछ ।
- **नियमित पशु शिविर सञ्चालन गरि गाउँघरमा पशुमा देखिने रोग नियन्त्रण गरिनेछ** ।
- पशुपंछीमा विभिन्न किसिमको महामारी रोग फैलेर पशु धनको क्षति हुने हुँदा पशुपंछि विपद् व्यवस्थापन कोषको व्यवस्थापन गरिनेछ ।
- पशुजन्य बस्तुलाई विभिन्न बजारमा निकासी गर्न सहुलियत पूर्ण निकासी कर लगाइने छ ।
- पशुपंछीलाई लाग्ने विभिन्न रोगका विरुद्ध प्रयोग हुने औषधिजन्य सामाग्रीको समय अगावै व्यवस्थापन गरिनेछ ।
- पशु सेवा तर्फका प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्न समानुकूल तालिमको व्यवस्था गरिनेछ ।
- स्वच्छ तथा सफा मासुजन्य खाद्य सामाग्रीहरुको सन्दर्भमा आत्मनिर्भर हुने गरि कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपन्छिहरुमा कृत्रिम गर्भाधान गराउने पद्धति मार्फत नश्ल सुधार गरि उन्नत जातको पशुपन्छी उत्पादनमा जोड दिने नीति अवलम्बन गरिने छ।

**(ग) सहकारीः**

- राज्यको **तीन खम्बे नीति** अनुरुप छरिएर रहेको सानो पुँजीलाई एकीकृत गरि उद्यमशिलता तथा स्वरोजगारलाई बढावा दिन सहकारीको माध्यमबाट व्यवसायको प्रवर्द्धन गरिनेछ ।
- वित्तीय साक्षरता र ज्ञान वृद्धिका लागि सहकारी पदाधिकारिहरुलाई आधारभूत तथा लेखा सम्बन्धी तालिम कार्यक्रम आगामी वर्ष प्रदान गरिनेछ ।

- बहुउद्देश्य प्रकृतिको सहकारी पालिकामा रहने गरि सोको नेतृत्वमा प्रत्येक वडामा सहकारी बनाउने अवधारणा अघि सारिने छ।
- विभिन्न वडा तहमा रहने समुह तथा सहकारीको बेला बखत अनुगमन तथा नियमनलाई व्यवस्थित गरीने  छ।
- सहकारी तथा संघसंस्था सम्बद्ध शाखालाई आगामि दिनमा कोपोमिस प्रणालीमा आबद्धता गरी  व्यवस्थित गरिनेछ।

**(घ) श्रम तथा रोजगारी :**

- सुरक्षित आप्रवासन (सामी) परियोजना मार्फत वित्तीय साक्षरता शिक्षालाई अभियानका रुपमा सञ्चालन गरिनेछ । वैदेशिक रोजगारीबाट विशिष्ट सीप तथा दक्षता हाँसिल गरेर फर्केका युवा जनशक्तिलाई उनीहरुले ल्याएको रेमिट्यान्सको उपयोग समेत हुने गरि आयमूलक तथा सीपमूलक व्यवसाय सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।
- दक्ष जनशक्ति पलायन रोक्न स्वदेशमै श्रम गर्ने संस्कृतिको विकास गर्न कात्तिक ४ गते श्रमिक दिवसको अवसरमा **"श्रमको सम्मान राष्ट्रको अभियान"** भन्ने मूल नारालाई कार्यान्वयन गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारिमा जान चाहनेका लागि सुरक्षित वैदेशिक रोजगारि सम्बन्धी समुदाय स्तरमा गहन अभिमूखिकरण कार्यक्रम पनि सञ्चालन गरिनेछ ।
- परिवर्तन गाउँपालिकामा अल्लो खेतिको प्रशस्त सम्भावना भएको हुँदा अल्लो खेति विस्तार गर्ने तथा अल्लो धागोबाट निर्मित सामान उत्पादन गर्न लघु उद्यमको स्थापना,क्षमता विकास, प्रविधि हस्तान्तरण गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अनुसार लघुउद्यम विकास मोडेलमा नयाँ लघुउद्यमी सिर्जना गर्ने गरि कार्यक्रम गरिनेछ।
- विभिन्न लघु उद्यमीको अवस्था पहिचान गरि आवश्यकताका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम गरिनेछ ।
- आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रममा जोडिने छ ।

- वैदेशिक रोजगारिमा जान चाहाने व्यक्तिहरुका लागि श्रम स्वीकृति लिने सम्बन्धमा सहजिकरण गरिनेछ ।
- स्थानीय तहबाट सञ्चालित हुने आयोजनाहरुमा हेवि इक्विपमेन्ट प्रयोग नहुने ठाउँमा सुचिकृत वेरोजगार व्यक्तिहरुलाई काममा लगाइनेछ ।
- वैदेशिक रोजगारलाई सुरक्षित र भरपर्दो बनाइनेछ साथै मृतकको परिवारले पाउने क्षतिपूर्ति सहज सजिलो बनाई विचौलियाको माध्यमबाट क्षेतिपूर्ति पाउने व्यवस्था अन्त्य गरिनेछ ।
- **सुरक्षित आप्रवासन कार्यक्रम (सामि)** कार्यान्वयन गर्न गाउँपालिकाले संघीय सरकार सँग साझेदारी गरि कर्मचारी खटनपटन गराई थप भरपर्दो र प्रभावकारी बनाएर लगिनेछ ।
- स्थानीय स्रोत साधनको उपयोग गरि स्वरोजगार बनेका लघुउद्यमीलाई प्रोत्साहन गरिनेछ ।

**(ङ) पर्यटन :**

- परिवर्तन गा.पा. भित्र रहेको पर्यटकीय दृष्टिकोण ले सम्भावित स्थलहरुलाई पहिचान गरि स्वदेश तथा विदेशका विभिन्न स्थल सम्म प्रचारप्रसार गर्न कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- परम्परागत मेला तथा व्यवस्थित महोत्सव एवम् प्रर्दशनी मार्फत आर्थिक चलायमान गराउँदै जनताको समृद्धि बढाउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- विगतमा जनयुद्धको समयमा परिवर्तन गा.पा. २ मा रहेको प्रचण्ड निवासलाई युद्ध पर्यटन र थुनिकोट मन्दिरलाई धार्मिक पर्यटन तथा परिवर्तन पार्कलाई व्यवस्थित गरि पर्यटन प्रवर्द्धन गरिनेछ ।
- चुनवाङ थवाङ,जलजला, महत, तकसेरा जाने पर्यटकको लागि परिवर्तन गा.पा.लाई खानपान एवम् बास स्थानको लागि ट्रान्जिट पोइन्टको रुपमा विकास गरिनेछ ।
- अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुसँग समन्वय गरि पर्यटन स्थलको सम्भावित ठाँउहरुमा लगानि अभिवृद्धि गरिनेछ ।

- सुकिदहलाई युद्ध तथा धार्मिक पर्यटनको रुपमा प्रवर्द्धन गरिने छ ।
- गाउँपालिका को प्रवेशद्वारहरुमा गाउँपालिकाको पहिचान बोक्ने स्वागत सूचनापाटी निर्माण गरिनेछ ।
- गोरीचौर - थवाङ सम्म गुरिल्ला माउन्टेन बाइक ट्रेकिङ्ग स्तोरन्नति गरि धार्मिक तथा युद्धपर्यटनलाई प्रर्वद्धन गरिनेछ।
- परिवर्तन-२ राङ्सीमा रहेको बाल उद्यान पार्कलाई थप व्यवस्थित गरिनेछ ।

**(च) उद्योग वाणिज्य तथा आपूर्ती :**

- उद्यमशिलता विकास कार्यक्रम मार्फत बेरोजगार युवाहरुलाई समूहमा आवद्ध गरि कृषिमा आधारित साना व्यवसायको स्थापना तथा सञ्चालन गर्ने आवश्यक तालिम, प्रविधि, परामर्श र बजारीकरण टेवा प्रदान गरिनेछ । उद्यमीहरुलाई व्यवसायिक योजना अनुसारको काममा सक्रियताका साथ परिचालन गर्न स्वयंसेवी भूमिका रहने गरी ग्रामीण विकास सहजकर्ताहरु खटाइनेछ ।
- उपभोक्ताको हकहित तथा अधिकार संरक्षण र प्रवर्द्धन गर्न बजार अनुगमन गरी उपभोक्ताको हित विपरित क्रियाकलापमा संलग्नलाई कारबाहीको दायरामा ल्याइनेछ । खाद्यवस्तु, सुर्तीजन्य, मदिराजन्य तथा विषादीजन्य वस्तुको एकै स्थानबाट बिक्रि गर्ने कार्यलाई निरुत्साहित गर्न पहल गरिनेछ ।

- गाउँपालिकामा सार्वजनिक निजी साझेदारीमा प्रत्येक वडामा लघु, घरेलु तथा साना उद्योग स्थापना गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**(२) सामाजिक विकास सम्बन्धी :**

**(क) स्वास्थ्य तथा पोषणः**

जनताको आधारभूत स्वास्थ्य सेवा सुविधामा पहुँच पुर्‍याउन देहायको नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ :

- **"स्वस्थ नागरिकःसुखि परिवर्तनवासी"** भन्ने मूल मन्त्रका साथ स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाईबाट निःशुल्क पाइने

भनि नेपाल सरकारबाट घोषणा गरिएका औषधि तथा स्वास्थ्य उपकरणहरु नियमित सहज र पर्याप्त रुपमा उपलब्ध हुने गरि खरिद, भण्डारण तथा वितरण गरि नियमित गरिने छ ।**"आधारभूत स्वास्थ्य सेवालाई स्वास्थ्य सेवाको वरिपरि नागरिक होइन, नागरिकको वरिपरि स्वास्थ्य सेवा"** भन्ने अभिप्रायका साथ दुर्गम बस्तिहरुमा स्वास्थ्य सम्बन्धि घुम्ति शिविरहरु गरिनेछ साथै गाउँपालिकाले व्यवस्था गरि गर्भवती महिलालाई गाउँपालिका बाट बाहिर प्रेषण गर्दा निःशुल्क व्यवस्था गरिनेछ ।

- सुरक्षित मातृत्व सेवालाई प्रभावकारि बनाउन गर्भवती भई सकेपछि ANC चेक गर्दा शिशुको स्वास्थ्य तथा गर्भवती आमाहरुलाई पोषण तथा प्रोत्साहन र स्वास्थ्यमा सुधार गर्न स्थानीय उत्पादनहरु एक पटक उपलब्ध गराइनेछ । त्यसै गरि सुत्केरी पश्चात हुने PNC घर भेटमा जाँदा सुत्केरीलाई अण्डा, मासु जस्ता पौष्टिक आहारहरु उपलब्ध गराइनेछ ।
- संस्थागत सुत्केरीलाई प्रवर्द्धन गर्दै शून्य होम डेलिभरी कायम गर्न सुत्केरीलाई केही रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- २०८३।०८४ को आ.व.मा यस गाउँपालिकामा नियमित खोप सुदृढिकरण नियमित खोपमा विद्यालय केन्द्रित खोप अभियान सञ्चालन गरिनेछ।
- नेपाल सरकारले सन् २०३० सम्म क्षयरोगलाई शून्यमा झार्ने दीगो विकास लक्ष्यलाई मध्यनजर गरि परिवर्तन गाउँपालिका भित्रका समुदायलाई क्षयरोग सम्बन्धी अभिमूखिकरण एवम् घरदैलो क्षयरोग खोजपड्ताल कार्यक्रम पनि सम्मपन्न गरिनेछ ।
- सबै स्वास्थ्य संस्थाहरुमा मधुमेह रक्तचापको निःशुल्क जाँचको व्यवस्था गरिनेछ।
- सवै सामुदायिक सेवा केन्द्रहरुलाई मापदण्ड पुरा गरेर क्रमिक ढङ्गले प्रसुति सेवा केन्द्रको रुपमा रुपान्तरित गरिने छ ।
- विपन्न आय भएका विपन्न परिवारका सुनौलो हजार दिनका आमा तथा वालवालिकाहरुलाई पोषणयुक्त खानाको पहुँच बढाइनेछ ।
- १५ शैयाको अस्पताल निकट भविष्यमा निर्माण पुरा भएर अस्पातललाई गाउँपालिकाले ग्रहण गरि सेवा सुचारुका लागि जोड गरिनेछ।

- किशोरी अवस्थामा हुने गर्भधारण र असुरक्षित यौन सम्बन्ध जस्ता क्रियाकलाप लाई न्यूनिकरण गर्न समुदाय र विद्यालय स्तरमा यौन शिक्षा र प्रजनन् स्वास्थ्य शिक्षालाई विस्तार गरिनेछ ।
- **"म स्वस्थ, मेरो समुदाय स्वस्थ"** भन्ने नारा लाई आत्मसाथ गर्दै घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमहरु पनि परिचालन गरिनेछ ।
- पूर्ण खोप सुनिश्चितता र दीगोपनाका लागि निरन्तरता दिइनेछ ।
- वहुक्षेत्रीय पोषण कार्यक्रमसँग सम्बन्धी क्रियाकलापहरुको नियमित अनुगमन गरिनेछ साथै स्वास्थ्य संस्था तथा वडाहरुलाई पोषणमैत्री घोषणा गरिनेछ ।
- मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु विस्तार गरिनेछ।
- गर्भवती अवस्थामा गर्भवती महिलालाई मानसिकरुपमा सबल, शारीरीकरुपमा बलियो र समाजिक, साँस्कृतिकरुपमा इज्जतिलो बनाउन गर्भवती उत्प्रेरणा कार्यक्रम चलाइनेछ ।
- द्वन्द्वको कारणले मृत्यु भएको व्यक्तिको परिवारलाई गरिएको स्वास्थ्य बीमा कार्यक्रलाई निरन्तरता गरिनेछ ।
- नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा अभियान चलाई प्राकृतिक चिकित्सा पद्धतिलाई प्रवर्द्धन गरिनेछ ।
- समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि स्क्रिनिङ्ग तथा जनचेतना मुलक कार्यक्रमहरु सञ्चालनमा लिइनेछ।
- एम्बुलेन्स सेवा प्रदान गर्न गाउँपालिकाबाट आँफैले एम्बुलेन्स सेवा शुरुवात गरिनेछ ।
- बस्ती स्तरमा आँखामा रहेको समस्या समाधान गर्न गाउँ घर सामुदायिक आँखा कार्यक्रम सञ्चालन गरिनेछ ।
- मानसिक स्वास्थ्य कार्यक्रमका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

## (ख) शिक्षा तथा खेलकुद :

**गाउँपालिकाको शिक्षालाई गुणस्तरीय, प्रतिस्प्रर्धा र सर्वसुलभ बनाउन तपसिलको नीतिहरु अवलम्बन गर्नुपर्नेछः**

- **"सवलिकृत विद्यालय, गुणस्तरीय शिक्षाः उत्कृष्ट शिकाई उपलब्धी परिवर्तनवासीको इच्छा" तथा "गाउँपालिकाको अव को लक्ष्यः उत्कृष्ट शैक्षिक गन्तव्य"** भन्ने मूल नाराका साथ आधारभूत तथा माध्यमिक शिक्षालाई थप गुणस्तरिय तुल्याउन गाउँपालिकाको कुनै एक वडामा नमूना विद्यालय स्थापना गर्ने नीति लिइने छ साथै बालबालिकाहरुमा **नैतिकता, सदाचारिता, इमान्दारिता, अनुशासन** र नेपाली मौलिक संस्कारको विकास गरि शूयोग्य नागरिकको विकास गर्न सबै विद्यालयहरुमा **संस्कार सहितको शिक्षामा** विशेष जोड दिने नीति लिइएको छ ।
- **सामुदायीक विद्यालयको वास्तविक अवस्था पत्ता लगाई आवश्यक सुधार गर्न सूचकको आधारमा वडा शिक्षा समिति,गाउँपालिकाले अनुगमन गरी विद्यालयको Ranking गर्दै पुरस्कृत र दण्ड सजायको व्यवस्था गर्ने नीति लिइनेछ ।**
- बुबा र आमा कोही पनि नभएको टुहुरा टुहुरी बालबालिकालाई विद्यालयको पठन पाठनमा सहज बनाउन आवासीय सुविधा सहित व्यवस्थापन गर्न तथ्याङ्क सङ्कलन गरि शैक्षिक सत्र २०८४ देखि कुनै एउटा विद्यालय तोकी कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालविकास कक्षा देखि नै सामुदायिक विद्यालय गुणस्तर अभिवृद्धि गर्दै क्रमशः आधारभूत तथा माध्यमिक विद्यालयको नतिजा सुधार गर्न बालविकास कक्षाको कोठाको स्तर उन्नति गरि प्रविधि मैत्री बनाईनेछ । **बालविकास सजहकर्ता** को क्षमता विकास गर्न मन्टेश्वरी लगाएतका विशेष तालिम प्रदान गरिनेछ साथै माध्यमिक विद्यालयमा कार्यरत **लेखापाल तथा कम्प्युटर शिक्षक**का लागि लेखापालन तथा ICT सम्बन्धी विशेष प्रकारको तालिम उपलब्ध गराइनेछ ।
- विद्यालयको नक्साङ्कन गरि विद्यार्थी संख्या र भौगोलिक अवस्थालाई मध्यनजर गरि समायोजन दरबन्दि मिलान र तह घटुवा कार्य अगाडि बढाइनेछ ।
- विद्यार्थीले उत्पादन गरेका बस्तु र सीप कलालाई प्रदर्शन श्रमको सम्मान साथै विद्यार्थीलाई हौसला प्रदान गरि शिक्षामा गुणस्तर कायम गर्न १ दिने शैक्षिक मेला आयोजना गरि पुरस्कार तथा सम्मानको व्यवस्था मिलाइने छ ।

- स्थानीय पाठ्यक्रममा कृषि पेशालाई सम्मानित र समृद्धि हासिल गर्ने पेशाको रुपमा समावेश गरि व्यवहारीक रुपमा उत्पादनमा जोडिने शिक्षाको रुपमा समावेश गरिनेछ ।
- **"व्यवहारिक शुक्रवार कार्यक्रम"** लाई रचनात्मक, व्यवहारिक, प्रयोगात्मक बनाउँदै सृजनशिल शिक्षाको आधारको रुपमा कार्यान्वयन गरिनेछ साथै गाउँपालिकास्तरीय हाजिरीजवाफ, निबन्ध प्रतियोगीता, वादविवाद प्रतियोगीता लगायतका कार्यक्रहरु सञ्चालन गरिनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तथा समानुकुल बनाउन प्रधानाध्यापक तथा विषयगत शिक्षकको क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरु प्रदान गरिनेछ, विद्यालयको अनुगमन र मूल्याङ्कन साथै विद्यार्थीको शिक्षण सिकाई उपलब्धी राम्रो बनाउन कक्षा ८ र ५ को परिक्षालाई गाउँपालिका स्तरीय बनाउन निरन्तरता दिइनेछ ।
- शैक्षिक पूर्वाधारको विकास दक्ष जनशक्ति एवं शिक्षण सामग्रीको व्यवस्था र नवीनतम प्रविधिको प्रयोगगरी गुणस्तरीय र जीवन उपयोगी शिक्षा प्रदान गरिनेछ ।
- विद्यालय बाहिर रहेको अति विपन्न र सीमान्तकृत वर्गको बालबच्चा पहिचान गरि विद्यालयमा प्रवेश गराउन सबै किसिमको प्रयास गरिनेछ
- परिवर्तन गाउँपालिका सबै विद्यालयहरुमा गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि **खानेपानि, शौचालय, खेलमैदान, घेरबार, दिवाखाजा, प्रयोगशाला, कम्प्युटर ल्याब, छात्रवृत्ति** जस्ता शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- शिक्षण सिकाइ क्रियाकलापलाई आधुनिक र प्रविधिमैत्रि बनाउन हरेक माध्यमिक तहको **विद्यालयमा स्मार्ट डिजिटल वोर्ड** माध्यमबाट अध्यापन गर्ने व्यवस्था क्रमिक रुपमा गरिनेछ ।
- स्थानीय स्तरमा भएको कला, संस्कृति भेषभुषा, भाषालाई जीवन्त राख्न दिग्गज व्यक्तित्वको सहयोगमा स्थानीय पाठ्यक्रम तयार गरी आगामि शैक्षिक सत्रमा कक्षा ८ सम्म लागु गरिनेछ ।

- परिवर्तन गाउँपालिकालाई **"बालमैत्री स्थानीय शासन"** लागु भएको स्थानीय तह बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ साथै सामुदायिक विद्यालयका सबै शौचालयलाई आधुनिक अपाङ्ग तथा वालमैत्री बनाउने अभियान सुरु गरिनेछ ।
- गाउँपालिकामा रहेको सबै सामुदायिक विद्यालयहरुमा शिक्षक छनौटको आर्थिक व्ययभारको लागि रकम छुट्टाई शिक्षक छनौटमा सहजिकरण गरिनेछ ।
- शैक्षिक पहुँचमा सुनिश्चतता कायम गर्न अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रम सन्चालन गरिनेछ ।
- नेपालको संविधानमा व्यवस्था भएको शिक्षा सम्बन्धि मौलिक हकलाई कार्यान्वयन गर्न गाउँपालिकामा मा.वि. (९-१०) तहसम्मको शिक्षालाई **निःशुल्क** गराउने कार्यलाइ निरन्तरता दिइनेछ ।
- गाँउपालिकामा खेल क्षेत्रको विकास गर्न राष्ट्रपति **रनिङशिल्ड** कार्यक्रमलाई निरन्तरता दिइनेछ र खेल प्रशिक्षकको व्यवस्थालाई निरन्तरता दिइने छ। शहिद समृति रङगशाला खेलकुद मैदान धामाचौरलाई आधुनिक तथा प्याराफिटयुक्त बनाइने सोच रहेकोले आवश्यक बजेटको पहल गरिनेछ।
- युवाहरुलाई रोजगारमा आकर्षित गर्न विभिन्न खालको तालिम तथा व्यवसायिक अनुदानको व्यवस्था गरिनेछ । साथै युवापंक्तिलाई कुलत तथा खराब संगत बाट टाढा राख्नलाई विभिन्न खालको खेलमा आबद्धतालाई यो आ.व. मा व्यवस्था गरिनेछ ।
- दक्ष जनशक्ती उत्पादन गर्ने गरी **विज्ञान, गणित तथा अंग्रेजी विषयमा स्नातक र स्नातकोत्तर साथै कृषि र पशु तर्फ स्नातक र स्वास्थ्य तर्फ एम.वि.वि.एस.** अध्ययन गर्नको लागि प्रदान गर्ने **छात्रवृत्ती** समिक्षा गरि निरन्तरता दिइनेछ ।
- शिक्षामा अभिभावकलाई सक्रिय बनाई सामुदायिक विद्यालयलाई गुणस्तर कायम गर्न सञ्चालन गरिएको **अभिभावक शिक्षा कार्यक्रम**लाई निरन्तरता दिईनेछ ।
- प्रदेश तथा संघीय सरकारको आर्थिक सहयोग तथा गाउँपालिकाको समन्वयमा शिक्षालाई उत्कृष्ट बनाउन कृतिम वौद्धिकता (AI) मा आधारित अध्ययन, अध्यापन तथा नवप्रर्वतनीय कार्य गर्ने गरि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- कक्षा ८ तथा १० को नतिजा सुधार गर्न **गणित, विज्ञान र अंग्रेजी विषय** जस्ता चुनौतीयुक्त विषय सम्बन्धमा विषयगत शिक्षकहरुलाई आवश्यक तालिम तथा प्रशिक्षण प्रदान गरिनेछ ।
- शिक्षामा भएको विभेदिकरणको अन्त्य गर्न हरसम्भव अभियान चलाइनेछ ।
- विद्यालयमा अध्ययनरत बालबालिकाहरुको विज्ञान तथा आविष्कार तर्फ आकर्षण बढाउन **विज्ञान तथा प्रतिभा पहिचान कार्यक्रम** सञ्चालन गरिनेछ ।
- गाउँपालिका स्थित विद्यालयबाट कक्षा ५, ८ र एस.ई.ई. मा उत्कृष्ठ हुने एक/एक जना छात्र/छात्रालाई पुरष्कृत गरिनेछ ।
- **"पढुवा नै अगुवा"** भन्ने मूल नाराका साथ विद्यालयहरुमा वाचनालय E-लाईवेररी, विज्ञान प्रयोगशाला तथा आई.सि.टी. ल्याब स्थापना गरि पठन संस्कृतिको विकास गरिनेछ ।
- आधारभूत तथा माध्यमिक तहका विद्यार्थीहरुलाई YOUTUBE, ChatGPT, AI लगाएतका आधुनिक प्रविधिहरुको उपयोग गरि अध्यापन गराइनेछ साथै शैक्षिक क्यालेण्डरलाई प्रभावकारी रुपमा उपयोग गरिनेछ ।
- विद्यालयहरमा सघन खालको अनुगमन गरि सूचकका आधारमा विद्यलायको Ranking गरि पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।
- युवा उद्ययमशिलता विकास कार्यक्रमहरु मार्फत युवाहरुलाई **"विदेश हैन विजनेश"** भन्ने भावन जगाइ स्वरोजगार उन्मुख गराइनेछ ।
- यूवा वेरोजगारिलाई न्यूनीकरण गर्न **पब्लिक प्राइभेट पार्टनरशिप** का आधारमा विभिन्न सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ ।
- युवाहरुलाई दुर्व्यसनको कुलतबाट बचाउन विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुको साथै विभिन्न किसिका दुर्व्यसनमा परेको युवाहरुलाई **निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक कार्यक्रम** मार्फत दुर्व्यसन मूक्त गराई समाजमा पुनःस्थापना गराइनेछ ।

**(ग) सामाजिक सुरक्षा, लैगिंक समानता, महिला सशक्तिकरण, दलित अपाङ्ग एवम जेष्ठ नागरिक तथा सामाजिक समावेशिकरण:**

- सामाजिक सुरक्षा भत्तालाई बैकिङ्ग प्रणालिको माध्यमबाट **वडा स्तर तथा टोल स्तर** बाट प्रदान गर्ने कामलाई निरन्तरता दिइनेछ ।
- वडा बालअधिकार समिति तथा स्थानीय बालअधिकार समिति गठन गरि ती संस्थाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ र यसै आ.व.मा **बालश्रममुक्त पालिका** घोषणा गरिनेछ ।
- बालबालिकाहरुमा समता कायम गर्न "छोरी समृद्धि" कार्यक्रम सञ्चालन गरिनेछ ।
- **"हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान"** अभियान सञ्चालन गरि सबै प्रकारका हिंसा बिरुद्ध शून्य शहनशिलताको नीति लिइनेछ ।
- समाजमा विद्यमान विकृती, लैङ्गीक हिंसा रोकथाम तथा नियन्त्रण गर्न टोल विकास संस्था, महिला सहकारी संस्था, आमा समुह, महिला समुह समितिहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक रुपमा देखिएको विवाहको फजुल खर्चलाई न्यून गर्न आर्थिक रुपमा विपन्न परिवारलाई सहयोग र बालविवाहलाई रोक्न वडाको आयोजनामा विवाह दर्ता गरि विवाह आयोजना गर्नेलाई प्रोत्साहन सहित व्यवस्थापन गरिदिने व्यवस्था मिलाइदिने ।
- यसै आ.व.मा बालश्रममुक्त गाउँपालिका घोषणा गरिनेछ र केहि वडाहरुलाई बालमैत्री स्थानीय शासन भएको वडा घोषणा गरिनेछ ।
- परिवर्तन गाउँपालिकालाई सडक आश्रित मानव मुक्त गाउँपालिका घोषणा गर्न सडक आश्रित मानिस फेला परेमा सम्बन्धित पक्षसँग समन्वय गरि उद्धार गरिने व्यवस्था मिलाइने छ ।
- बाल विवाह न्यूनीकरणको लागि विशेष प्रकारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ घोषणा पत्रका १२ वटा प्रतिबद्धताहरुको क्षेत्रमा कार्यक्रम तय गरि कार्यान्वयन गरिनेछ साथै दीगो विकास लक्ष्यहरुलाई आत्मसाथ गरि स्थानीयकरण गर्दै गाउँपालिकाका योजनाहरुलाई लैगिंक समानता तथा सामाजिक समावेशिकरणको मर्म अनुरुप कार्यान्वयन गरिनेछ ।

- संयुक्तराष्ट्रसङ्घीय बाल अधिकार महासन्धि १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्ने सम्बन्धमा  कार्यक्रम तय गरी बजेट विनियोजन गरिनेछ ।
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदबाट पारित बुदाँ नं. १३२५ र १८२० को कार्यान्वयन को लागि स्थानीय सरकारले कार्यक्रम तय गरि सो उपर बजेट विनियोजन गर्नेछ।
- जेष्ठ नागरिक, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति एकल महिला, दलित, आदिवासी जनजाती लोपोन्मुख र सीमान्तकृत समुदाय लक्षित समुदाययुक्त कार्यक्रममार्फत सम्मान तथा  संरक्षणमा ध्यान दिइनेछ ।
- बजेट तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको दृष्टिले निर्दिष्ट बजेटमा निश्चित  प्रतिशत हुने गरी लैगिंक बजेट तर्जुमा गर्ने पद्धतिलाई अंङ्गिकार गरिनेछ ।
- घरेलु हिंसा र लैङ्गिक हिंसाका पीडित महिला तथा बालबालिकाहरुलाई पुनःस्र्थापना गर्न सुरक्षित र मर्यादित आश्रयस्थल सेफ हाउस स्थापना गर्न प्रयत्न गरिनेछ ।
- बालविवाहलाई निर्मुल गर्न किशोरकिशोरी सञ्जाल मार्फत पनि सचेतनामूलक कार्यक्रम गरिनेछ ।
- गाउँपालिकाको सामाजिक आर्थिक विकासका लागि वडा तथा पालिकास्तरीय महिला सञ्जाल बनाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- गाँउपालिका भित्र निर्माण हुने सार्वजनिक संरचनालाई अपाङ्गमैत्री , बालमैत्री र लैङ्गिकमैत्री बनाइने नीति कार्वान्वयन गरिनेछ ।
- लैङ्गिक हिंसा निवारण कोषमा निश्चत रकम जम्मा गर्दै जाने र हिंसा प्रभावित महिलाहरुलाई कानुनी परामर्श, उपचार खर्च तथा जीविकोपार्जनका लागि अनुदान कोषबाट उपलब्ध गराइनेछ ।
- लैङ्गिक हिंसा, बालविवाह, सामाजिक विभेद, शोषण, कुरीति, अन्धविश्वास हटाउन टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालसमुह लगायत सामुदायिक स्तरका संस्थाहरु लाई स्वयंसेविको रुपमा परिचालन गरिनेछ।

- गाँउपालिकाको बजेट प्रणालीलाई लैङ्गिक उत्तरदायी बनाइनेछ र वार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण (GESI AUDIT)लाई निरन्तरता दिईनेछ ।
- महिलाहरुको आर्थिक तथा सामाजिक हैसियत बढाउने खालका सीप तथा क्षमता विकास र रोजगारमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्रका उपभोक्ता समिति बाट कार्यावन्यन हुने कार्यक्रम तथा योजनाहरुमा महिला श्रमिकबाट सेवा लिदा समान काम समान ज्याला भन्ने नीति लाई अङ्गिकार गरिनेछ ।
- अपाङ्गता सम्बन्धी सचेतना बढाउनको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ र अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता बमोजिमको सहायक सामाग्री वितरण र सीपमुलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- सरकारले सेवा करारमा लिदा महिला, आदिवासि जनजाति, दलित, शहिद वेपत्ता घाइते र द्वन्द्व पिडित परिवारलाई विशेष आरक्षण सहितको प्राथमिकता प्रदान गरिने नीति अङ्गिकार गरिनेछ ।
- ऐतिहासिक कालदेखि दलित (शिल्प) समुदायले जीवन निर्वाहको रुपमा अपनाई आएका परम्परागत पेशालाई गाउँपालिकाले आफ्नो कला पुँजीको रुपमा स्वीकार गरि व्यवसायिक उद्यमको हिसावले विकास गर्न पुँजी लगानि गरिनेछ र दलित जातिहरुले परम्परागत रुपमा अपनाई आएको आरन व्यवस्थालाई आधुनिकीकरण तथा व्यवस्थित गरिनेछ ।
- नेपाल सरकाले प्रदान गर्दै आएको बालपोषण भत्तालाई पोषणमा सुधार ल्याउने गरि प्रभावकारी रुपमा अनुगमन गर्दै बालवालिकाको पोषणमा सुधार ल्याउने व्यवस्था गरिनेछ।

**(घ) खानेपानी तथा सरसफाई फोहरमैला व्यवस्थापनः**

- **"पानी मुहानको संरक्षण , सुरक्षित मानव जीवन को अवतरण"** भन्ने नारालाई आत्मसाथ गर्दै खानेपानीको मुहानहरुलाई संरक्षण र उचित व्यवस्थापन गरि दीर्घकालिन सम्म उपयोग गरिनेछ । साथै हरेक मुहानको दर्ता गर्ने प्रक्रिया व्यवस्थित गरि अघि बढाइनेछ साथै **एक घर एक धारा** कार्यक्रमलाई उच्च प्राथमिकता दिई क्रमागत आयोजनालाई सङ्घ, प्रदेशको सहयोगमा सञ्चालन गरिनेछ ।
- जल पुनर्भरण कार्यक्रम सञ्चालन गर्न अग्ला बस्तीहरुमा कच्ची पोखरी निर्माण गरिनेछ साथै पूर्णसरसफाई कार्यक्रमलाई अगाडी बढाइनेछ ।
- गाउँपालिकाको विगतमा गौरवको योजनाको रुपमा रहेको पूर्णसरसफाई कार्यक्रमलाई समीक्षा गरि यसको प्रभावकारी एवम प्रतिफलयुक्त कार्यान्वयनमा ध्यान दिइनेछ ।
- विगतमा विभिन्न स्थानमा जडान गरिएको ठुला खानेपानी योजनालाई व्यवस्थित जिम्मेवारीयुक्त गराउन अब मिटर रिडिगं प्रणालि अनुरुप अघि बढाइनेछ ।
- बढ्दो पानीको संकटलाई न्युनीकरण गर्न जमिनमुनिबाट **डिप बोरीङ्ग** मार्फत पानी निकाली समुदायमा खानेपानी वितरण गरिनेछ।
- परिवर्तन गाउँपालिका भित्रका मुख्य बजारहरु जस्तै बागमारा, पुतलाचौर , दुइखोलि, पोखरा बजार , खरिबोटहरुमा फोहोरमैला व्यवस्थापन गर्न लागि गाउँपालिकाले वडा कार्यालय, बजार व्यवस्थापन एवम उपभोक्ताहरु सँग समन्वय सहकार्य गरि हातमालो गरिनेछ।
- सार्वजनिक स्थल पाटी पौवा लगायतका क्षेत्रहरुमा विभिन्न समय सन्दर्भमा सरसफाई कार्यक्रम अगाडि ल्याइनेछ ।
- गाउँपालिका भित्र बढ्दो सहरीकरणलाई मध्यनजर गरी बागमारा, दुईखोली तथा पुतलाचौर क्षेत्र वरपर फोहोरमैला व्यवस्थापन गर्न सम्भावित ठाउँमा **डम्पिङ साइट स्थापना** गरिनेछ साथै **ल्यान्ड फिल्ड साइट** को अध्ययन गरिनेछ ।
- गाउँपालिका भित्रका विभिन्न बजारको आसपासमा देखिने मदिराजन्य सिसाको बोटलहरु दिनदिनै चुनौति बन्दै गएकोले सो को व्यवस्थापन गर्न आवश्यक पहलकदमी लिइनेछ ।

- खानेपानी शुद्धताको लागि विभिन्न निकायसँग समन्वय गरि खानेपानी जाँच गरि शुद्धिकरण गरिनेछ ।

**(ङ). कला तथा संस्कृतिः**

- विभिन्न खालको धर्म, भाषा , कला , सँस्कृति , भेषभुषा, रहनसहन साहित्य हरुको संरक्षण र सम्वर्द्धनार्थ विभिन्न जनचेतनामुलुक कार्यक्रमहरु गरिनेछ ।
- गाउँपालिकाभित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला ,साहित्य ,संगीत लगाएतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।
- समुदायमा रहेको विभिन्न धर्म जातजातिको रीतिरिवाज अनुसारको परम्परागत मेला , कुलपुजा , धार्मिक स्थल लगाएतका साँस्कृतिको अवयवहरुको संरक्षणमा विशेष ध्यान दिइनेछ।
- स्थानीय कलाकारको प्रतिभालाई सम्मान स्वरुप विभिन्न महोत्सव कार्यक्रममा स्थान दिदै गाउँपालिकाले पनि सम्मान कार्यक्रम गर्नेछ ।
- यस गाउँपालिका भित्र नाचिने भुमेनाच, पैसेरु नाच, सिंगारु नाच, फाँक नाच, बैजारु नाच, मयुर नाच र साईलाबरै जस्ता मौलिक लोक संस्कृतीलाई संरक्षण गर्ने कार्यहरुलाई सञ्चालन गरिनेछ ।

## ३. पूर्वाधार क्षेत्र:

**(क) सडक, भवन, पुल :**

- विकासको मेरुदण्डको रुपमा रहेको सडक सञ्जाललाई स्तरोन्नति गरि आर्थिक गतिविधिहरुलाई चलायमान गर्दै ग्रामिण भेगमा उत्पादित बस्तुलाई यथासमयमा बजारसम्म पुर्याउन पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

- पूर्वाधार निर्माणका आयोजनाहरु सञ्चालन गर्दा लाभ लागत विश्लेषणका आधारमा उच्च नतिजा एंव प्रतिफल दिने र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन पूर्वाधारको गतिविधि बढाइनेछ।
- गाउँपालिकामा निर्माण भएका पक्की घरहरुको अभिलेख राखी नयाँ घर निर्माण गर्दा भुकम्पप्रतिरोधात्मक युक्त घर निर्माण गर्न अनुमति लिनुपर्ने व्यवस्थालाई प्रोत्साहन गरिनेछ।
- सडक पूर्वाधारको लागि दीर्घकालिन लगानी मार्गदर्शनकाको रुपमा रहेको गाउँपालिका सडक गुरुयोजनालाई समय सापक्ष बनाई कार्यान्वयनमा ल्याइने छ।
- रोजगारी सिर्जना हुने र मेसिनरी औजार प्रयोग नहुने योजना सञ्चालन उपभोक्ता समितिबाट गरिनेछ र ठुला तथा मेसिनरी औजार प्रयोग हुने सडक, भवन तथा सो अनुसारको आयोजना  विद्युतीय वोलपत्र (E-BID )मार्फत कार्यान्वयनमा लगिनेछ ।
- परिवर्तन गाउँपालिका भित्र वडा देखि गाउँपालिका केन्द्रसम्म कम्तिमा बाह्रै महिना चल्न सक्ने सडक निर्माण तर्फ ध्यान दिइने साथै सडक निर्माण गर्दा कच्ची तथा पक्की नाला, मेशिनरी वाल, तथा Bio-engineering गरी भू-स्खलन हुन बाट जोगाउने गरि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नमूना गाउँ कार्यक्रम लागु भएका वडाहरुलाई निरन्तरता दिइनेछ भने थप वडाहरुमा थप  नमूना गाउँ स्थापना गरिने गरि पूर्वाधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- निर्मित गुरुयोजनाका आधारमा सङ्घीय सरकारको अनुदानमा विभिन्न विद्यालयको भौतिक संरचनाहरु निर्माण गरिनेछ।
- गाउँपालिकाको सीमा क्षेत्र एकीन गरि सीमानामा कलात्मक तथा मौलिकता झल्किने गरि स्वागतद्वार तथा साइनबोर्डहरुको निर्माण गर्न पहल गरिनेछ।
- गाँउपालिकाको पाँच वर्षे आवधिक योजना निर्माण भइसकेको हुनाले सोमा आधारित मध्यकालिन खर्च संरचना, बजेट तथा कार्यक्रमहरु निर्माण गरिनेछ ।
- दीर्घकालिन गौरवका तथा ठूला योजनाहरु पहिचान गरि, त्यस्ता योजनाहरुका डि.पि.आर. तथा प्रारम्भिक वातावरणीय मूल्याङ्कन  तयार गरि बहु-वर्षिय ठेक्काद्वारा कार्यान्वयन गरिनेछ ।

- परिवर्तन गाउँपालिका भित्र पर्ने सङ्घीय सरकार र प्रदेश सरकारको बजेट बाट सञ्चालनमा आएको क्रमशः शहिद मार्ग दुईखोली, खरिवोट खण्ड र दुईखोली चुनवाङ खण्डको कालोपत्रे सहित सडक निमार्ण कार्य साथै सङ्घीय सरकारबाट बागमारा बजारमा यहि आ.व. मा पुलको लागि विनियोजित बजेटलाई समयमा सम्पन्न गर्न सम्बन्धित निकायसँग पहल गरिनेछ ।

**(ख) उर्जा सञ्चार तथा सूचना प्रविधि:**

- बढ्दो उर्जासंकटलाई कम गरि दीगो विकास साथै वातावरणीय सन्तुलन कायम हुने खालको नविकरणिय उर्जा प्रविधि जडानलाई उच्च प्राथमिकता दिइनेछ । लघु जलविद्युतहरुलाई संरक्षण गर्ने नीति लिइनेछ ।
- आम गाँउपालिकावासीलाई गाउँपालिकाले गरेका गतिविधिको बारेमा सुसुचित गर्ने उद्देश्यले रेडियो कार्यक्रम "परिवर्तन संवाहक"लाई निरन्तरता दिइनेछ भने रेडियो, पत्रिका र अनलाईन सञ्चार माध्यमसँगको सहकार्यलाई निरन्तररुपमा अघि बढाइनेछ।
- सूचना प्रविधिमैत्री गाँउपालिकाको रुपमा चित्रित गर्ने उद्देश्यले वडा कार्यालयहरुमा डिजिटल डिस्प्ले वोर्ड तथा सबै विद्यालयहरुमा इ-हाजिरी, सि.सि.टि.भि.को जडान गरी गाउँपालकाबाट अनुगमन गरिनेछ साथै सूचकको आधारमा सघन अनुगमन गरि विद्यालयहरुलाई Ranking गरि शिक्षण क्रियाकलापहरुमा राम्रो काम गर्ने विद्यालय तथा शिक्षकलाई पुरस्कार तथा गलत गर्नेलाई दण्ड सजाय गरिने नीति लिइनेछ ।
- राज्यको चौथो अङ्गको रुपमा रहेका पत्रकारहरुलाई गाउँपालिका भित्रको काम कारबाहीलाई देशविदेशसम्म समाचार सम्प्रेषण गरिएको आधारमा मुल्याङकन गरि सम्मान तथा पुरस्कृत गरिनेछ।
- सार्वजनिक जनगुनासोलाई सुनेर यथासमयमा समाधानको उपायहरु सुझाउनको लागि टोल फ्री नम्बरलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको पहिचान तथा चिनारीको रुपमा रहने Digital Village Profile आधुनिक तवरले उपयोग गरिनेछ ।

- गाउँपालिका भित्र सरकारी भौतिक संरचनाहरुमा सोलार जडानलाई प्राथमिकता प्रदान गरिनेछ।
- गाउँपालिकाका हरेक सूचना तथा समाचार, बजेट तथा कार्यक्रमहरु, विभिन्न प्रतिवेदन, कानुन तथा निर्देशिका जस्ता विवरणहरु गाउँपालिकाको आधिकारिक वेवसाइटमार्फत नियमित रुपमा सार्वजनिक गरिनेछ ।
- बढ्दो सूचना प्रविधीमैत्री जमानामा हाम्रो पालिकामा पनि डिजिटल हेल्प डेस्कको सेवा प्रवाहमा निरन्तरता दिइनेछ।
- केन्द्रिय विद्युतलाई पालिका तहमा पनि सेवा प्रवाह गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ।
- बिस्तार भैरहेको केन्द्रिय विद्युत लाइनको कामलाई यथाशिघ्र कार्य सम्पन्न गर्न आवश्यक पहल लिइनेछ ।
- सेवा प्रवाह गर्दा क्यासलेस, फेसलेस,पेपरलेस अवधारणा अनुसरण गर्दै अन्तमा डिजिटल गाउँपालिका रुपमा परिचित हुने सोच लिइएको छ ।
- लघु जलविद्युतबाट उत्पादित बचत इनर्जीलाई नेपाल विद्युत प्राधिकरणसँग बिक्री गरि आर्थिक वृद्धि गर्ने र चौबिसै घण्टा उपभोक्तालाई विद्युत दिने गरि नेट मिटरिङलाई सम्पन्न गर्न पहल गरिनेछ ।

## ४. सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धी

### (क) नीति, कानून, न्याय तथा सुशासन, जनशक्ति विकास र सार्वजनिक सेवा प्रवाह:

- निर्माण गर्न बाँकी रहेका ऐन कानून र कार्यविधी शिघ्रताका साथ निर्माण गर्दै अद्यावधिक गर्न पर्ने कानूनहरुलाई समय सापक्ष संशोधन गर्दै लगिनेछ ।
- न्यायीक समितिको अधिकार क्षेत्र भित्रका विवाद तथा उजुरीहरुलाई छिटो छरितो पारदर्शी र विश्वसनीय ढङ्गले समाधान गर्न आवश्यक जनशक्ति तथा पूर्वाधारको प्रबन्ध मिलाइनेछ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित गरि उच्च मनोबलका साथ कार्य गर्ने वातावरण बनाउन राष्ट्रसेवक कर्मचारीहरुको तलबमा बृद्धि

गर्नुका साथै कार्यक्षमताको मापन गरी पुरस्कृत तथा दण्ड सजाय समेत गर्न सक्ने नीति लिइनेछ।

- गाउँपालिकाले सेवा प्रवाह गर्दा **मुस्कान सहितको सेवा** प्रवाह गरिनेछ साथै **"होटेलको जस्तो सत्कार, बैंकहरुको जस्तो शिघ्र सेवा"** को अवधारणलाई अनुकरण गरि सेवा प्रवाह गरिनेछ ।
- **"खर्चमा पारदर्शीता शुन्य बेरुजु हाम्रो प्रतिबद्धता"** भन्ने मन्त्रलाई आत्मसाथ गर्दै बेरुजुलाई उल्लेख्खीय रुपमा घटाउन विशेष पहल गरिनेछ साथै आन्तरिक नियन्त्रण प्रणाली मार्फत कम बेरुजुको अवस्थालाई अझै शून्य उन्मुख बनाउन प्रयास गरिनेछ ।
- गाउँपालिकाको सेवा प्रवाह, विकास व्यवस्थापन लगायतमा नागरिकहरुबाट पृष्ठपोषण प्राप्त गर्न सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरि सेवा प्रवाहमा सुधार गर्ने कार्यलाई निरन्तरता दिइने तथा सार्वजनिक सेवा प्रवाह, विकास व्यवस्थापन लगायतमा हुन सक्ने ढिलासुस्ती, अपारदर्शीता लगायतका विषयमा शून्य सहनशिलताको नीति अख्तियार गरिनेछ।
- गाउँपालिकाको सेवा प्रवाहको पृष्ठपोषण प्राप्त गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कर्मचारीहरुको तथा जनप्रतिनीधिहरुको क्षमता विकासका लागि अध्ययन अवलोकन भ्रमण तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ र टोल विकास संस्थाको सञ्चालन,व्यवस्थापन विशेष नीति लिइनेछ।
- लोक सेवा आयोग र शिक्षक सेवा आयोगको कक्षा सञ्चालन गर्ने व्यवस्था गरीनेछ ।
- सहयोगी कर्मचारीहरुको लागि सेवा प्रवाह सम्बन्धी आवश्यक तालिम प्रदान गरिनेछ ।
- जनप्रतिनिधि,कर्मचारीहरु,अनुभव आदान-प्रदान गर्न अध्ययन,अवलोकन,भ्रमण कार्यक्रमको व्यवस्था गरिनेछ।

- गाउँपालिकाको **संगठन तथा व्यवस्थापन (O&M)** सर्वेक्षण प्रतिवेदन अध्यावधिक गरि रिक्त पदहरुमा प्रदेश लोक सेवा आयोगबाट कर्मचारी पदपूर्ति गर्ने व्यवस्था गरिनेछ ।
- जनताको आवश्यकतालाई मध्य नजर गर्दै मालपोत कार्यालयबाट हुने काम गाउँपालिकामा गर्ने व्यवस्था मिलाइनेछ ।
- सेवा करार कर्मचारीहरुको योगदानमा आधारित **सामाजिक सुरक्षा कोषमा** आवद्ध भएकोलाई निरन्तरता दिइनेछ, भने अन्यलाई पनि क्रमिक रुपमा जोड्ने नीति अवलम्बन गरिनेछ ।
- परिवर्तन गाँउपालिका भित्र यस कार्यालयले प्रवाह गर्ने सेवाको बारेमा त्रैमासिक रुपमा हुने सार्वजनिक सुनुवाइ कार्यक्रम एवम् नागरिक सन्तुष्टि फारमको प्रयोग लाई निरन्तरता दिइनेछ ।
- राष्ट्रसेवक कर्मचारीहरुलाई उत्प्रेरित बनाई कार्यसम्पादनको स्तरमा वृद्धि ल्याउन क्षमता विकासका कार्यक्रम एवम् तालिमहरु सञ्चालन गरिनेछ ।
- सरकारी तथा सार्वजनिक निकाय लगायत सबै क्षेत्रमा सदाचार संस्कृतिको अवलम्बन गर्दै भ्रष्टाचारजन्य कार्यमा शून्य सहनशीलता कायम गरिनेछ।
- कार्यसम्पादनलाई छिटोछरितो, गुणस्तरिय र प्रभावकारी बनाउन प्रत्येक शाखा तथा कर्मचारीलाई कार्य विवरण बनाई लागु गर्ने तथा कार्य सम्पादन सम्झौता गर्ने नीति लिइनेछ साथै विद्यालयका प्र.अ.हरुसँग समेत कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था गरिनेछ ।
- कार्यालयको सेवा प्रवाहलाई जनमैत्री तथा सरल बनाउन कार्यालय परिसरमा हेल्प डेस्कको स्थापना, सेवाग्राही प्रतिक्षालय, सुरक्षित खानेपानीको व्यवस्थापन गरि सेवाग्राही लाई सेवा प्रवाहको विषयमा आवश्यक सहजिकरण गरिनेछ ।
- आवधिक योजना किताबमा उल्लेखित योजना बैंकको अवधारणा अनुरुप बस्तिस्तरबाट संकलित ७ चरण पार गरेको योजनाहरुलाई समावेश गरि प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।

- लेखापरीक्षण गराउने पेश्की र बेरुजुको लगत राखे सम्परिक्षण गराउने एवं फर्छ्यौट गर्ने र अद्यावधिक गराउने सम्बन्धि कार्यलाई विशेष प्राथमिकता दिइनेछ।
- भुक्तानीको प्रकियालाई पारदर्शी भरपर्दो कायम गरि रोल्पा जिल्ला भरिमा सबैभन्दा **कम बेरुजु कायम भएको गाउँपालिकाको रुपमा दर्ज भई प्रथम स्थान** लेखाउन सफल स्थानीयतहको पहिचानलाई थप व्यवस्थित गर्दै बेरुजु शून्य गाउँपालिका बनाउन प्रयत्न गरिनेछ ।
- गाँउपालिकाको गतिविधिलाई पारदर्शी बनाउन वेवसाइट अद्यावधिक गरि सूचनाको हक सम्बन्धी व्यवस्थालाई पुर्णरुपमा कार्यान्वयन गरिनेछ ।
- गाँउपालिकाभित्र कार्यगत गतिविधिमा एकरुपता ल्याउनको लागि कार्यतालिका सहितको क्यालेन्डर प्रकाशन गरिनेछ ।
- विभिन्न योजनाहरुको कागजपत्र प्रक्रिया बमोजिम सिलसिलेवार रुपमा मिलाउन कार्यालयमा नै विस्तृत खाका (योजना किताब) बनाई उपभोक्ता समितिलाई कागजातहरु व्यवस्थापनमा सहजीकरण गरिएको कामलाई निरन्तरता दिएर पालिकाको बेरुजु घटाउन प्रयत्न गरिनेछ।
- लेखापरीक्षण गर्दा खर्च भएर नजाने जिन्सी सामानहरु जिन्सी शाखाबाट मात्र खरिद गरि विभिन्न शाखा/वडा कार्यालय एवम विद्यालयहरुलाई माग फाराम भर्न लगाई जिन्सी शाखाबाट नै वितरण गर्न/गराउने व्यवस्था मिलाईनेछ ।
- इन्धनको प्रयोग गर्दा कर्मचारीको ओहोदा तथा पद एवम् कार्यबोझ तथा आन्तरिक नियन्त्रयण प्रणाली अनुरुप मितव्ययी तथा किफायति ढङ्गले गरिनेछ ।
- गाउँपालिकाले आफ्नो चिनारीको रुपमा गाउँपालिकाको छुट्टै लोगो निर्माण गरि प्रयोगमा ल्याउनेछ।
- मदिराजन्य पदार्थको बिक्री वितरणलाई व्यवस्थित गर्न नेपाल सरकारको मदिरा ऐन र मदिरा बिक्रि सम्बन्धिको कार्यविधिलाई आधार मानि नियमन,नियन्त्रण र व्यवस्थित गरीनेछ ।

- न्याय सम्पादनलाई प्रभावकारी बनाउन न्यायीक समिति र मेलमिलाप कर्ताहरुलाई तालिमको व्यवस्था गरीनेछ ।
- न्यायीक कार्यलाई सिकाईको रुपमा ग्रहण गरी कामलाई प्रभावकारी बनाउन अन्तरपालिका स्तरीय अध्ययन ,अवलोकन र भ्रमण व्यवस्था गरीनेछ ।

**(ख) राजस्व प्रशासन:**

- गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्नको लागी सबै वडामा **करदाता शिक्षा कार्यक्रम** लाई प्रभावकारी ढङ्गबाट सञ्चालन गरिनेछ।
- गाउँपालिकाले विगतमा निर्माण गरेको **राजश्व सुधार योजना**को आधारमा गाउँपालिका भित्रका सम्भावित करका क्षेत्रहरुलाई पहिचान गरि कर उठाउने नीति लिइएको छ।
- गाउँपालिकाको आन्तरिक राजश्व वृद्धि गर्नलाई करका दर समयानुकुल समायोजन गर्दै करको दायरा विस्तार गर्दै लगिनेछ ।
- विभिन्न कारणबाट व्यवसाय दर्ता तथा नविकरण नगरी नियमित हुन छुट भएका करदातालाई कर दायरामा ल्याउन कर सहभागिता कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय तहलाई तिर्नुपर्ने घरबहाल कर बुझाएपछि मात्रै आय कर लिनको लागि राजस्व कार्यालयमा सिफारीस गरिनेछ।
- नेपाल प्रहरीसँग समन्वय र नगर प्रहरी परिचालन गरि कृषिजन्य उत्पादित सामाग्रीहरुमा निकासी सिफारीस पत्र प्रदान गरि राजस्व वृद्धि गरिनेछ र ढूङ्गा,वालुवा,गिट्टीको टेन्डर गरी बिक्री वितरणमार्फत राजश्व वृद्धि गरिनेछ साथै नगर प्रहरीको क्षमता विकासका लागि आवश्यक कार्यक्रम ल्याइनेछ ।
- दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्ने व्यवस्थालाई बेला बेलामा गरिने बजार अनुगमन मार्फत कडाईका साथ कार्यान्वयन गरिनेछ त्यस सँगै विभिन्न खालको घमुन्ते तथा पोके व्यवसायीहरुलाई निरुत्साहित गरिनेछ ।

**५.वन, वातावरण तथा विपद् व्यवस्थापनः**

- विपद व्यवस्थापनका लागि नेपाल प्रहरी र नगर प्रहरीको सहयोगमा पूर्व अभ्यास, प्रतिकार्य तथा पूणर्उत्थानका कार्यक्रमहरु सञ्चालन गरिनेछ । विपद पश्चात क्षेति न्यूनीकरण गर्न राजनीतिक दल, जन प्रतिनीधि, कर्मचारी, रेडक्रस, स्थानीय स्वयम्सेवक, स्थानीय नागरिक तथा सुरक्षा निकाय समेतको सम्लग्नतामा Quick Response Team (QRT) गठन गरी परिचालन गरिनेछ सो को लागि आवश्यक तालिम तथा बजेटको व्यवस्था गरिनेछ ।
- विपद व्यवस्थापन कोषका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।
- जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरुलाई अनुकुलन गर्न गाउँपालिकाले सोही बमोजिमको कार्यक्रम तय गर्नेछ।
- विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा गरि सो अनुसार विपद पूर्व तयारी , विपद न्यूनिकरण, प्रतिकार्य र पुनःस्थापना को कार्यलाई व्यवस्थित गरिनेछ।
- वन क्षेत्रलाई समृद्धिको आधारको रुपमा विकास गरि बनबाट आम्दानी, रोजगार सिर्जना र जीवनस्तर उकास्न जडिबुटी र जैविक विविधताको संरक्षण र सम्बर्द्धन गरिनेछ ।
- विपद र जङ्गली जनावरको कारणले किसानहरुको उत्पादनमा क्षति हुन गएमा एक रोपनी भन्दा बढिको मुल्याङ्कन गरी बिउको रुपमा आर्थिक सहायता प्रदान गरिने व्यवस्था मिलाइनेछ ।
- निजी जग्गामा रुख कटान गरेमा सम्बन्धित व्यक्तिले वृक्षारोपण गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ।
- सफा, सुन्दर र हरियाली गा.पा. निर्माणका लागि खोला खोल्सामा वृक्षारोपण, बाँस अम्रीसो रोपन, रुख तथा बाँसद्धारा तटबन्धन, खाली ठाउँमा वृक्षारोपण कार्य अभियानकै रुपमा बढाइनेछ ।
- परिवर्तन गाउँपालिका भित्रका खोलानालाका गिट्टि वालुवा जन्य पदार्थहरु उपयोग गर्न सर्वप्रथम प्रारम्भिक वातावरणीय प्रभाव मुल्यांकन गरि मात्र अघि बढाइनेछ।

- गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने गरी कार्यक्रम अगाडी बढाइनेछ ।
- परिवर्तन गाउँपालिका भित्रको जडिबुटीलाई व्यवसायिक खेतिको रुपमा विकास गर्न पहल गरिनेछ ।
- नदी तथा खोलामा विषादी, विद्युतीय उपकरण प्रयोग गरी वा घन प्रयोग गरेर माछा लगायत अन्य जलचरहरुको अस्तित्व नै संकटमा पर्न सक्ने देखिएकोले उक्त कार्यलाई रोक्न स्थानीय प्रहरी प्रशासनसँग समन्वय एवम् नगर प्रहरी मार्फत कडाई गरिनेछ ।
- गा.पा. भित्र हुने भूस्खलन, बाढी, पहिरो, आगलागी, भूकम्प आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृत्रिम विपत्तिबाट हुने मानवीय तथा भौतिक क्षति कम गर्न तुरुन्त खोजी, उद्धार र राहत प्रदान कार्य गर्न गा.पा., नेपाल प्रहरी,नगर प्रहरी र नेपाल रेडक्रससँग समन्वय गरिनेछ ।
- गाउँपालिकास्तरिय सामुदायिक वन उपभोक्ता समितिहरुसँगको सहकार्यमा वन क्षेत्रलाई सम्भावित डढेलोबाट जोगाउन जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- विपद्जन्य प्राकृतिक प्रकोपसँग जुध्न चाहिने सामान्य खालको औजारहरु व्यवस्थापन गर्न बजेट उपलब्ध गराइनेछ ।
- विपद्को प्रतिकार्य तथा व्यवस्थापन गर्नका लागि गाउँपालिकाको विपद व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ।

**धन्यवाद**

**सुक बहादुर वुढामगर**
**अध्यक्ष**

**ईति संवत २०८३ साल असार ८ रोज २ मा शुभम् !**